# ओमसतिया गाउँपालिका
## Omsatiya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

प.सं./Ref No. ०७६।७७

च.नं./Dispatch No. ९८

हाटी फर्साटिकर, रुपन्देही
Hati Pharsatikar, Rupandehi
(कृषि शाखा)

५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

**सहकारी सिंचाई, साना सिंचाई मर्मत सम्भार तथा निर्माण कार्यक्रम सम्बन्धि सूचना !!**

(दोस्रो पटक प्रकाशन मिति : २०७६।०९।०८)

ओमसतिया गाँउपालिकाको आ.व. २०७६।०७७ को (शर्सत) स्वीकृत बजेट तथा कार्यक्रम अनुसार **"सहकारी सिंचाई, साना सिंचाई मर्मत सम्भार तथा निर्माण कार्यक्रमको"** लागि ओमसतिया गाँउपालिका भित्रका ईच्छुक कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति, कृषक संजाल कृषि फार्म तथा व्यवसायिक कृषक आदिबाट दोस्रो पटक यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र निर्धारित ढाँचाको फारम अनुसारको आवेदन प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**आवश्यक कागजातहरु :**

१. रु. १० को टिकट टाँस गरिएको निर्धारित ढाँचामा आवेदन प्रस्ताव ।
२. मुख्य लाभग्राहीहरुको नेपाली नागरिकताको छायाँप्रति ।
३. सिंचाई हुने क्षेत्रको जग्गा धनी पुर्जा । लाभग्राहीको आफ्नो नाममा जग्गा नभएको हकमा लाभग्राही र जग्गा धनीको बीच कम्तिमा पाँच वर्षको जग्गा करारनामा गरिएको सम्झौता पत्र र साथमा जग्गा धनी प्रमाण पत्रको छायाँ प्रति ।
४. कम्तिमा एक बिगाहा जमिनमा तीन बाली लगाउने प्रस्ताव पेश गर्नुपर्नेछ ।
५. कृषक समूह/सहकारी/संजाल/जल उपभोक्ता समिति/संस्था/फार्म आदिको दर्ता प्रमाण पत्र तथा संस्थागत रुपमा प्रस्तावको लागि गरिएको निर्णयको छायाँप्रति ।
६. बाहिरी जिल्लामा ठेगाना भई यस गाउँपालिका क्षेत्रभित्र कार्य गर्न ईच्छुक कृषकको हकमा सम्बन्धित वडा कार्यालयको सहमति पत्र ।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

**पुनश्च :**

क. नविनतम प्रविधि प्रयोग हुने खालका प्रस्तावलाई प्राथामिकता दिईनेछ ।
ख. बढी कृषकहरु लाभान्वित वा बढी रोजगारी श्रृजना हुने खालका आयोजनालाई प्राथमिकता दिईनेछ ।
ग. वातावरणीय रुपमा असर गर्ने खालका आयोजनालाई कार्यक्रममा समावेश गरिने छैन ।
घ. अनुदान रकम प्रति सिंचाई योजनाको कूल लागतको बढिमा ८५ प्रतिशत हुनेछ र लाभाग्राहीको बढी लागत साँझेदारी हुने योजनालाई प्राथमिकता दिईनेछ ।
ङ. आयोजनाको लागत अनुमान अनिवार्य रुपमा पेश गर्नुपर्दछ ।

- आवेदन फारम कार्यालयको वेव साइड बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
- आवेदन ओमसतिया गाँउपालिकाको कार्यालयमा दर्ता गर्नुपर्नेछ ।
- थप जानकारीको लागि ओमसतिया गाँउपालिकाको कार्यालय (कृषि शाखा) हाटीर्फसाटिकर, रुपन्देहीमा सम्पर्क गर्नुहुन ।

.......................